नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग

☎ ०१-६६३९४१६, ६६३८९०४
६६३९४१३, ६६३९४१४, ६६३९४१५
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np

पत्र संख्या :-
चलानी नं. :-

सानोठिमी, भक्तपुर ।

## विज्ञप्ति

चिकित्सा शिक्षा आयोगबाट स्नातक तहका विभिन्न शैक्षिक कार्यक्रमहरूको एकीकृत प्रवेश परीक्षा निर्धारित कार्यक्रम तथा कार्यतालिका बमोजिम मिति २०७८ चैत्र १८,२० र २१ गते काठमाडौ उपत्यकका निर्धारीत परीक्षा केन्द्रहरूमा मर्यादित र व्यवस्थित रुपमा सम्पन्न भएको छ । परीक्षाजस्तो संवेदनशील कार्यमा सहभागी हुनुहुने परीक्षार्थीहरू, निरीक्षक, सहायक केन्द्राध्यक्ष, केन्द्राध्यक्ष, परीक्षा केन्द्रका अन्य सम्वद्ध व्यक्तिहरू, समन्वयकर्ता, सुपरीवेक्षक, पर्यवेक्षक, संयोजक, सुरक्षाकर्मी लगायत सबैलाई चिकित्सा शिक्षा आयोग आभार व्यक्त गर्दै धन्यबाद ज्ञापन गर्दछ। आयोगको कार्यतालिका अनुसार परीक्षाको व्यवस्थापन र सञ्चालनमा उपयुक्त वातावरण तयार गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय तथा सम्बद्ध निकायहरूप्रति आयोग कृतज्ञता व्यक्त गर्दछ ।विशेषतः परीक्षा जस्तो संवेदनशील विषयमा कही कतैबाट हुने अनैतिक कार्यलाई रोक्न गृह मन्त्रालय महानगरीय अपराध महाशाखाले पुऱ्याएको सहयोग प्रति आयोग विशेष धन्यवाद प्रकट गर्दछ ।

परीक्षा सञ्चालनको क्रममा आयोगलाई प्राप्त भएका सुझाव, गुनासा र संवेदनशील जानकारीलाई गम्भिर रुपमा अन्तरभूत गरी सम्वोधनको आवश्यक प्रक्रिया अगाडि बढाइएको छ ।आगामी दिनमा समेत आयोगबाट सञ्चालन हुने परीक्षा लगायतका अन्य कार्यमा सम्वद्ध पक्षहरूबाट सदाझै रचनात्मक सहयोगको अपेक्षा गरिएको छ ।

मिति: २०७८/१२/२१

डा. भोजराज शर्मा काफ्ले
सदस्य सचिव